# स्थानीय तह र पर्यटन क्षेत्रमा गर्नुपर्ने काम



चेतनाथ कणेल

नेपालको नयाँ संविधान (वि.सं. २०७२) लागू भएको पनि करिव सात वर्ष पुगेको छ। हामी संघीय लोकतन्त्रात्मक गणतान्त्रिक देश भएका छौं। त्यसैले, यो सात वर्षमा नेपालको संघीय शासन पद्धति पनि धेरै अगाडि बढिसकेको छ। २०७३ सालमा संघीय संरचनाको काम सकिएपछि पहिलोपटक स्थानीय तहको निर्वाचन २०७४ सालमा सम्पन्न भयो। त्यो निर्वाचनबाट चुनिएका जनप्रतिनिधिहरूले आफ्नो पाँच वर्षे कार्यकाल २०७९ जेठ ५ मा पूरा गरे। त्यसपछि भने २०७९ वैशाख ३० गते देशभर एकैपटक सम्पन्न दोस्रो स्थानीय निर्वाचनबाट छानिई आएका जनप्रतिनिधिहरूले स्थानीय सरकार चलाइरहेका छन्। गत जेठको पहिलो हप्ता तथा दोस्रो हप्तादेखि उनीहरूले आफ्नो कार्यभार सम्हालेका छन्। तर सबैलाई स्पष्ट छ, २०७९ जेठ ६ गतेदेखि २०८४ जेठ ५ सम्म अर्थात् ५ वर्षसम्म नवनिर्वाचित स्थानीय पदाधिकारीहरूको कार्यकाल रहनेछ। त्यसपछि २०८४ मा फेरि 'तेस्रो स्थानीय निर्वाचन' भन्दै अघि बढ्नेछ हाम्रो मुलुक।

> "सानातिना कामका लागि अब सिंहदरबार वा केन्द्रीय राजधानी धाइरहनु पर्दैन, आइरहनु पर्दैन। त्यस्तो धेरै अधिकार अब स्थानीय सरकारका हातमा गएको छ।"

## 'गाउँ-गाउँमा सिंहदरबार' : स्थानीय सरकार नै जिम्मेवार !

हामीले पाँच-सात वर्षदेखि नै दिनहुँजसो फलाकिरहेका छौं- 'गाउँगाउँमा सिंहदरबार' भनेर। अर्थात् सानातिना कामका लागि अब सिंहदरबार वा केन्द्रीय राजधानी धाइरहनु पर्दैन, आइरहनु पर्दैन। त्यस्तो धेरै अधिकार अब स्थानीय सरकारका हातमा गएको छ। नेपालको संविधानका विभिन्न धारा र अनुसूचीहरूले स्पष्टसँग लेखेका छन्, ती अधिकारका बारेमा। यस आलेखमा म ती अधिकारका बारेमा विस्तृतमा छलफल गर्न गइरहेको छैन। म त केवल संघीयताको पूर्ण कार्यान्वयन-उन्मुख भएको सन्दर्भ अलिकति कोट्याउँदै संघीयताको तल्लो तह अर्थात् भुइँतहमा पर्यटन विषयलाई कसरी हेर्ने, कसरी सार्थक पार्ने र समृद्ध नेपाल सुखी नेपालीको दृष्टिकोणमा पर्यटनको समग्र योगदान कसरी बढाउने भन्ने सन्दर्भमा केही व्यावहारिक चर्चा गर्न गइरहेको छु।

संघीय गणतान्त्रिक लोकतन्त्रमा जनताका प्रतिनिधिहरूले नै विकासका आवश्यकता र चाहना चुन्छन्, तिनलाई सोहीअनुसार प्राथमिकता तोक्छन्, विस्तृत योजना बनाउँछन्, कार्यान्वयन गर्छन् र आफैँ अनुगमन तथा मूल्याङ्कनसमेत गर्छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा यी सबै कुरा राम्रोसँग लेखिएका छन्। जसले गर्दा स्थानीय

सरकार चलाउन सजिलो भएको छ । स्थानीय योजना बनाउँदा सहभागीमूलक पद्धति अपनाई सात चरणमा त्यस्तो योजना निर्माण प्रक्रिया पूरा गर्नुपर्ने प्रावधान छ । राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सात प्रदेशमा रहेका प्रदेश मन्त्रालयहरूले यी प्रक्रियाका लागि सहजीकरण गर्ने गर्छन् । यी कार्यमा वैदेशिक विकास साझेदार संस्थाहरू र अन्य गैसस (अन्तर्राष्ट्रिय, राष्ट्रिय, स्थानीय) संस्थाहरूको पनि गहन भूमिका छ । तर पनि स्थानीय तहहरू अब कसैका वा कुनै मन्त्रालयका 'निकाय' नभएर स्वायत्त 'सरकार' भएकाले विकास योजना बनाउन तथा कार्यान्वयन गर्न आफैं अधिकारसम्पन्न छन् ।

नेपालको संविधानले यस्ता विविध अधिकार दिएर सबै गाउँ तथा नगरपालिकालाई जनप्रतिनिधिमूलक स्वतन्त्र संस्थाको रूपमा स्वीकारेकाले अब स्थानीय विकासका गहन जिम्मेवारीहरू पनि यिनै पालिकाका काँधमा छन् । पालिका सरकारहरूले आफ्नो क्षेत्रलाई आउँदा वर्षहरूमा कस्तो बनाउने, जनतालाई के के सुविधा दिएर कस्ता बनाउने र कहाँ पुऱ्याउने, विकासका बहुआयामिक आवश्यकता र चाहनामध्ये आफ्नो पालिकाका लागि कुन कुन विषय वा प्राथमिकता तोक्ने वा कति खम्बे विकास नीति अख्तियार गर्ने भन्ने कुरामा पनि पालिका सरकारमा रहेका जनप्रतिनिधिको विशेष भूमिका हुन्छ । यिनै अधिकार, अख्तियारी र पदीय जिम्मेवारी पूरा गर्दै संघीय नेपालका पहिलोपटक चुनिएका पालिका प्रतिनिधिहरूले पाँच वर्ष काम गरिसकेका छन् । यो पाँच वर्षले राम्रो सिकाइ पनि दिएको छ । पाँच वर्षे उपलब्धिका समीक्षाहरू भइरहेका छन् ।

> "गाउँ-गाउँका सिंहदबारमा बस्ने मान्छेले पहिलेको सिंहदरबारले जनता भुलेझैँ नै भुल्न थालेको, सुविधाभोगमा लिप्त रहेको, आफूनैलाई पोस्ने काममा लागेको, विकासका नारा गुलिया तर काम टर्रा गर्ने गरेको" भनेर पनि भन्ने गरेका छन् ।"

## गाउँका सिंहदरबार : कति टाढा ?

संघीयताको कार्यान्वयन र विकास-गतिका उपलब्धिहरूको समीक्षा गर्ने क्रममा धेरै जनप्रतिनिधिहरूले 'सोचेजति काम गर्न नसकिएको' भनेर अभिव्यक्ति दिएको पाइन्छ । जनप्रतिनिधि र कर्मचारीहरूले 'सोचेजति गर्न नसकिएको' भनिरहेका बेला कतिपय भुइँतहका जनताले पनि त्यसमै थप्दै 'गाउँ-गाउँका सिंहदबारमा बस्ने मान्छेले पहिलेको सिंहदरबारले जनता भुलेझैं नै भुल्न थालेको, सुविधाभोगमा लिप्त रहेको, आफूनैलाई पोस्ने काममा लागेको, विकासका नारा गुलिया तर काम टर्रा गर्ने गरेको' भनेर पनि भन्ने गरेका छन् । यी अपेक्षा, चाहना र वास्तविक यथार्थबीच अझै संगीन समीक्षा हुँदै गर्लान् । दोस्रो निर्वाचनबाट आएका जनप्रतिनिधिले विगतका पाठका आधारमा अझ राम्रो काम पनि गर्लान्, केवल प्रतीक्षा गरौं, धैर्यका साथ हेरौं ।

## पाँच वर्षे कार्यकाल 'पुसजस्तै फासफुस' बित्यो !

पालिकाका पदाधिकारीहरूसँग वार्तारत रहँदा धेरै कुरा सुन्न पाइन्छ । अनुभवका गाँठा धेरै फुकाउन पाइन्छ । अनुभवका त्यस्ता गाँठा भन्छन्- खासगरी पहिलो र दोस्रो वर्ष स्थानीय नियम, कानुन, निर्देशिका आदि बनाउनमै बितेको, तेस्रो र चौथो वर्ष कामले गति लिन थालेको, तर पाँचौं वर्षमा आइपुग्दा देशको राजनीति अलिक अस्थिर भई काममा जुन गति र शक्ति हुनुपर्थ्यो, त्यो हुन नसकेको, अनि 'बिदा हुने भैगयो बेला, फेरि चुनाव होला कि नहोला' भनेजस्तै केही विचलित र अस्थिर मनस्थितिले काममा शतप्रतिशत फोकस गर्न नपाएकोमा हामीलाई पनि पूर्ण सन्तुष्टि लिने ठाउँ छैन । समय जान के बेर, पाँच वर्ष त आँखा झिमिक् गर्दा बितेजस्तो लाग्यो । पुस फासफुस भनेझैं हाम्रो पाँचवर्षे कार्यकाल फासफुस भएर बित्यो ।

यस्ता तीतामिठा अभिव्यक्ति अनेक छन्, अनुभव र अनुभूति अनेक छन् । कतिपय पालिकाका प्रमुख तथा उपप्रमुखबाट यस्ता कुरा सुन्दा सधैं 'मिश्रित प्रतिक्रियाको लोकमार्ग'मा यात्रा गरेजस्तो लाग्छ । केही राम्रा काम पनि भएका छन्, कतिपय ठाउँमा नराम्रा काम पनि भएका छन् । प्रदेश १ का एक पालिका प्रमुखले भने, "अझ महालेखा नियन्त्रक कार्यालयले आ.व. २०७६/७७ र २०७७/७८ मा निकालेका वार्षिक लेखापरीक्षण प्रतिवेदनले 'स्थानीय तहमा धेरै बेरुजु भएको, अनियमितता र भ्रष्टाचार बढेका, नियमनमा ध्यान पुग्न नसकेको जस्ता अनेक टिप्पणी प्रकाशनमा ल्याएपछि त हाम्रो काम गर्ने जाँगर नै मऱ्यो । काम गर्नभन्दा पनि अनियमितताबाट कसरी जोगिने भन्नेतिर मात्र हाम्रो ध्यान गयो । बरु थोरै काम होस् चोखो बन्न जाती । चोखो बन्दा बरु जनताले फेरि पनि पत्याउनेछन् हामीलाई ।"

उनको भनाइलाई विश्वास गर्ने हो भने सुशासन र पारदर्शिता भन्ने शब्द कार्यसम्पादनस्तरसँग पनि प्रत्यक्ष गाँसिएका छन्, 'जति धेरै काम, त्यति धेरै बेरुजु' को सम्भावना ! बेरुजु धेरै उठाएर बेइज्जती बन्नुभन्दा बरु कम काम गरेर नै बस्नु राम्रो भन्नु पनि पटक्कै सुहाएन । बढी काम गर्ने, कम बेरुजु निस्कने पद्धतिको खोजी अबको खाँचो हो भन्ने हामीलाई लाग्यो ।

स्वच्छता, पारदर्शिता, भ्रष्टाचारमा शून्य सहनशीलताजस्ता आदर्श चाहनाले स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीलाई खुलेर

काम गर्न 'लगाम लगाएको' भन्ने ठानियो। यस सिलसिलामा बागमती प्रदेशका एक पालिका अध्यक्ष भन्छन्, 'अख्तियार र महालेखाको डरले पनि राम्रा र ठूला काम आँट्न गाह्रो हुँदोरहेछ । छिटो काम गर्न पनि नसकिने रहेछ । सबै काम आफैंले ठेक्का लगाएर गर्न सकिन्न, ठेकेदार लाउनैपऱ्यो, उपभोक्ता समितिलाई पनि विश्वास गर्नैपऱ्यो । तर उपभोक्ता पनि ठग निस्केर हैरान छ । ठेकेदारका कुरा त के गर्नु, बढीभन्दा बढी नाफा कमाउनु उनीहरूको निजी धर्म नै हो । विकासका मामलामा न यसो ठिक, न उसो ठिक, हामी त चकित नै पर्छौं । घोषणापत्रका पाना त कहाँ पुग्छन् कहाँ !' उनको कुरा ठिकै होला । निश्चय पनि स्थानीय पदाधिकारी र कर्मचारीलाई काम गर्न कठिन छ । पहिले-पहिले थोरै रकम चलाएका जनप्रतिनिधि र कर्मचारीलाई अहिले एक्कैचोटि करोडौं रकम चलाउन पाइने अवसर पनि छ । यसले गर्दा पनि कतिपय स्थानीय सिंहदरबारलाई 'औडाहा' भएको हो कि ? तनहुँका एक सर्वसाधारण उपभोक्ताले सुनाए, "दरबार भन्ने शब्द नेपालका लागि ठिक छैन । दरबारमा बसेपछि चैन गर्नुपर्छ, ऐश-आराम गर्नुपर्छ, भ्रष्टाचार गर्नुपर्छ, अकूत सम्पत्ति कमाउने बेला यही हो, देशविदेश चहार्ने समय पनि यही हो, आफन्तलाई माथि उठाउने अवसर पनि यही हो, अहिले नगरे कहिले गर्ने, फेरि अवसर पाइने हो कि होइन ......, यस्तै-यस्तै कुरामा मात्र लिप्त रहन्छन्, कैयौं जनप्रतिनिधिहरू । जनताका अगाडि गरेका बाचा सबै भुल्छन् । सानातिना काम पनि ठेकेदारबाट गराउने उपाय खोजिरहेका हुन्छन् । यिनीहरू त साँच्चै दरबारियाजस्ता नै बन्न खोज्छन् । अफ साँफ-साँफमा यिनलाई तिनै ठेकेदार र बिचौलियाले 'ओल्ड दरबार' पुऱ्याइदिन्छन् । मस्ती गराइदिन्छन् । चुनिने बेला हामीले नमस्कार खान्छम्, त्यसपछि हामीलाई कहिल्यै हेर्दैनन् । अबदेखि 'गाउँ-गाउँमा सिंहदरबार' भनेर तपाईंले पनि नभन्नुहोला ।"

उनको आक्रोश धेरै नै रहेछ । सायद उनी पालिका सरकारबाट उनको अपेक्षाअनुरूप कुनै काम नभएको पीडामा थिए । वा, उनी विद्रोही मनस्थितिका व्यक्ति पनि हुन सक्छन् । मैले उनलाई एकछिन सुनें र मनमनै भनें- यी पनि जनताका सच्चा प्रतिनिधि हुन्, अन्यथा किन लिनु ?

भुईंतहका विभिन्न कुराहरूलाई आधार मान्दा के कुराको संकेत मिल्छ भने पालिकाहरूलाई अफै बढी स्वतन्त्रता चाहिएको छ, काम गर्ने फुक्काफाल वातावरण चाहिएको छ । अख्तियार र महालेखाको हाउगुजीदेखि नडराइकन काम गर्न पाउनु र सक्नु आजको आवश्यकता हो । तर पनि प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे भनौं, स्वच्छता, पारदर्शिता, इमानदारिता, जवाफदेहिता, समावेशिता, सहभागिता, टिकाउ वा दिगो तत्वप्रतिको सजगता नभई गरिने विकास पक्कै पनि जनताले र देशले चाहेको विकास होइन ।

## पहिलो कार्यकालमा जे भए पनि

पहिलो पाँच वर्षमा विकास र सुशासनमाथि जनताको अलि धेरै अपेक्षा थियो । त्यसअनुसार जनप्रतिनिधिले 'डेलिभरी' र 'रिजल्ट' दिन सकेनन् भन्ने कुरा स्पष्ट छ । स्वयं जनप्रतिनिधिले नै त्यसो भनेपछि अरुले केही भन्नु परेन । तर पनि महसुस गर्दैमा, क्षमायाचना गर्दैमा, चुनाव हार्दैमा वा अनेक तिकमड गरेर भए पनि निर्वाचन पुनः जित्दैमा जनताका लागि लामो समयसम्म चित्त बुझ्ने कुरा हुँदैन । किनकि मानिसको जीवनमा पाँच वर्ष भनेको धेरै लामो समय पनि हो । नेपालीको औसत आयुमा जम्मा १५ वटा पाँच वर्ष त हुने हुन् ! पहिलो, दोस्रो गर्दै हरेक पाँच वर्ष अपेक्षित प्रगति देखाउन नसक्ने र उपलब्धि पस्किन नसक्ने भयो भने एक दशक, दुई दशक निकम्मा भएर गएको पत्तै हुन्न । २०५९ पछि २०७३ सम्मको झण्डै डेढ दशकको अवधिमा (नेपालको राजनीतिक संक्रमणकालीन अवस्थामा) निर्वाचित स्थानीय जनप्रतिनिधि नहुँदा विकासका मामलामा हामीलाई कति फरक पऱ्यो भन्ने कुरा हामी सबैलाई थाहा भएको कुरा हो, हामी सबै त्यस कुराका भुक्तभोगी हौं । लामो समयसम्म पनि देशका अनेक ठाउँमा तुइन हट्न नसक्नु, पुल बन्न नसक्नु, गरिब र विपन्नले नदी र खोलामा बगेर मर्न पर्नु, आदि आदि दुरुह अवस्थाको जति ठूलो चित्र कोरे पनि अपुग हुन्छ । तुइन त एउटा उदाहरणमात्र हो । स्कुल, अस्पताल, खानेपानी, बाटाघाटा, सिँचाइ, कृषि विकास, वन विकास, पर्यटन विकास, घरेलु उद्यम विकास, खेलकुद विकास, संस्कृति र धर्म संरक्षण, सम्पदा संरक्षण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, सञ्चार प्रणालीको विकास आदि तमाम कुरामा त्यतिबेलाका गाविस, नगरपालिका र जिविसले काम गर्न नपाएको अवस्था थियो । सीमित कर्मचारीका भरमा देशले डेढ दशक यसै बितायो । अब त्यस्तो नहोस् । गणतन्त्रीय र संघीय जनप्रतिनिधि भएर पनि विकास नहुनु फेरि अर्को खतरा हुन्छ । 'गाउँ-गाउँमा सिंहदरबार' भन्ने उक्ति, 'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने दूरदृष्टि यथार्थमा परिणत हुनुपर्छ भन्ने हाम्रो आग्रह हो, अभिप्सा हो ।

## अबको समय पर्यटनको : केही काम त गर्नैपर्छ !

स्थानीय विकासका अनेक विकास-पहलु वा विकास-आयाममध्ये पर्यटनको पनि महत्वपूर्ण भूमिका छ । देशको अर्थतन्त्रमा पर्यटनको महत्वपूर्ण योगदान छ । वैदेशिक मुद्रा आर्जनका लागि पर्यटनले राम्रो भूमिका खेल्न सक्छ भन्ने कुराको धेरै व्याख्या नै चाहिँदैन ।

पर्यटन क्षेत्रमा सन् २०१९ नेपालको अहिलेसम्मको 'स्वर्ण-वर्ष' ('गोल्डेन इयर') हो । करिब १२ लाख विदेशी पर्यटक त्यो वर्ष नेपाल घुम्न आएका थिए, जुन इतिहासकै उच्च संख्या हो । सन् २०२० मा हामीले २० लाख पर्यटक भित्र्याउने अपेक्षाका

साथ 'नेपाल भ्रमण वर्ष' (भिजिट नेपाल इयर) धुमधामका साथ मनाउने तयारी पूर्णरूपमा गरेका थियौँ । तर सन् २०१९ को डिसेम्बर अन्तिम हप्तादेखि नै विश्वभर फैलिएको महामारी कोरोना भाइरसजन्य रोग ('कोभिड-१९') ले विश्वलाई नै त्रस्त पाऱ्यो । विश्वमा लाखौँको ज्यान लियो । नेपालमा पनि झण्डै १२ हजार मानिसलाई त्यसले खायो ।

अझै पनि छिटफुट बाँकी छ कोरोना, तर विश्वभर बढ्दो भ्याक्सिनीकरण, सजगताका उच्च कदम, अभ्यस्त बन्दै जाने अभ्यासमा बढोत्तरी, 'कोरोनासँग सँगसँगै जिउन सिकौँ'को विश्वव्यापी सन्देश र लहर आदि अनेक उपाय, प्रयास र रणनीतिहरूले पछिल्लो समय हामी अलि ढुक्क बन्दै गएका छौँ । विश्वका अधिकांश देश पर्यटकका लागि पुनः खुला गरिएका छन् । नेपालले पनि अहिले पर्यटकका लागि सबै ढोका खुला गरिसकेको छ । सन् २०२२ का हरेक महिनामा पर्यटक आगमन विस्तारै बढ्दै छ । हामीमा आशा पलाउँदै गएको छ ।

अब निश्चितरूपमा जाग्छौँ हामी पर्यटनमा । सन् २०२४ वा २०२५ भित्रमा हामी सन् २०१९ को तहमा पुग्नेपर्छ । अर्थात् सन् २०२५ सम्ममा हामीले १२-१३ लाख पर्यटक अवश्य भित्र्याउन सक्नेछौँ । त्यसो भयो भने त्यसपछिका वर्षमा हवात्तै बढ्ने छ, हाम्रो पर्यटन । हाम्रो पर्यटन मात्र होइन, विश्व पर्यटन नै जाग्नेछ । विश्व पर्यटन संगठन (यूएनडब्लूटीओ) भन्छ, "पर्यटनको 'रिकभरी' अर्थात् पुनरुत्थान-समय करिब तीन-चार वर्षको हुनेछ, त्यसपछि पर्यटन बढ्ने क्रम तीव्र रफ्तारमा हुनेछ । किनकि एक छाक खाएर भए पनि मान्छेले बाहिर निस्केर राहत र आरामको सास फेर्न चाहिरहेको छ ।"

> 'अब निश्चितरूपमा जाग्छौँ हामी पर्यटनमा । सन् २०२४ वा २०२५ भित्रमा हामी सन् २०१९ को तहमा पुग्नैपर्छ ।'

विश्व पर्यटन बढ्दा नेपालले झनै बढी फाइदा उठाउने छ । सन् २०२२ को अप्रिल तथा मे महिनामा सर्वोच्च शिखर सगरमाथा चुम्नेमात्र करिब चार सय व्यक्ति थिए । त्यस्तै, यही समयमा नेपालका विभिन्न हिमाल आरोहण गर्न भनी करिब एक हजार व्यक्तिले स्वीकृति लिए, राजस्व तिरे । नेपालको राजस्वमा राम्रै आम्दानी भयो । पर्यटन जाग्न थाल्यो भन्ने आभास सबैलाई गरायो । यी केही संकेत हुन्, पर्यटनमा देखिएका 'हरित-बत्ती'का ।

पर्यटनमा हरियो बत्ती बल्यो भनेर मात्र पुग्दैन । हामीले पर्यटन विकास, प्रवर्द्धन र बजारीकरणका लागि धेरै काम गर्नुपर्ने छ । राष्ट्रिय अर्थात् संघीय तहले मात्र गरेर पुग्दैन, त्यस्तो काम । प्रदेश सरकार र स्थानीय सरकारहरू पनि तात्तिनुपर्छ । तर यो तताइ विगत पाँच वर्षको अवधिमा चित्त बुझ्दो छैन । देखिने खालमा काम केही हुन नसकेको गुनासो सर्वत्र छ । माथिल्लो तह र तल्लो तहबीच समन्वय पुगेको छैन । नेपाल पर्यटन बोर्डलाई हेर्नें दृष्टिकोण साँघुरिएको छ । लामो समयदेखि स्थापित भइआएका प्रतिष्ठित संस्थाहरू अर्थात् नाथम, तारागाउँ, पर्वतीय प्रशिक्षण प्रतिष्ठानजस्ता अनेक संस्थाको पूर्ण उपयोगिता र परिचालन गर्न सकिएको छैन । पर्यटनसम्बद्ध राष्ट्रिय छाता संगठनहरूसँग सहकार्य जति हुनुपर्ने त्यो पनि हुन सकेको छैन । क्षमता विकासका काम त झनै हुन सकेका छैनन् । क्षमता विकास विशेषज्ञहरूको सुव्यवस्थापन र उपयोगितातर्फ नेपालमा कमै सोच्ने गरिन्छ । किनकि नेपालमा अनुसन्धान तथा क्षमता विकासका कामलाई प्राथमिकता दिने चलन नै छैन । अझ पर्यटन क्षेत्र त झनै पीडित छ । कृषि अनुसन्धान परिषद्, स्वास्थ्य अनुसन्धान परिषद्, वन अनुसन्धान महाशाखा आदि केही संयन्त्रगत प्रावधान छन्, तर पर्यटनमा अनुसन्धान परिषद् वा केन्द्रको सोचसम्म पनि कसैले अहिलेसम्म ल्याउन सकेको छैन । लाग्छ, नेपालमा पर्यटन अनुसन्धान गर्ने व्यक्ति नै छैनन्, अनुसन्धान गर्नु पनि जरुरी छैन - यो एकदमै गलत धारणा हो । नेपाल पर्यटन बोर्डमा पनि पछिल्ला आठ-दस वर्षमा अनुसन्धान तथा तालिमको कार्य सुकेको हालतमा छ । समग्रमा अनुसन्धान तथा विकास ('आर एन्ड डी') को संयोजन हुन सकेन, संस्कार बढ्न सकेन । प्राज्ञिक क्षेत्र (विश्वविद्यालय, कलेज, स्कुल) सँगको सहकार्य पनि यसका लागि महत्वपूर्ण हुनेछ ।

प्रदेशमा केही संस्थागत संरचना बनाउन खोजे पनि ती कामयावी हुन सकेका छैनन् । प्रदेश पर्यटन कार्यालयहरू दक्ष जनशक्तिका अभावमा 'अफिस खोल्ने र रुँघ्ने' को नियतिमा मात्र चलिरहेका छन् । पालिकाहरूले पनि ती ठाउँबाट 'बजेट आइदिए पुगिहाल्यो' भन्ने मानसिकता राख्ने गरेको पाइन्छ । 'जसरी पनि बजेट झार्ने' मानसिकताले सबैलाई गाँजेको छ । यो आफैँमा राम्रो कुरा होइन भन्ने मलाई लाग्दछ । बजेट आउनुमात्र सहकार्य अवश्य होइन । अहिले चाहिएको भनेको गतिलो सहकार्य र समन्वय हो, नियमित सञ्चार र पारदर्शिता हो । स्रोतमा भइरहेको दोहोरोपन हटाउने मूल काम सबैतिर हुनु जरुरी छ । जिल्ला समन्वय समिति, प्रदेश मन्त्रालयहरू, प्रदेश योजना आयोगहरू, प्रदेश तालिम प्रतिष्ठानहरू आदिले आफ्नो क्षमता र पहलकदमी देखाउन नसक्दा पनि विकासमा अपसंस्कृति र विकृतिहरू भित्रिएका हुन् भन्न हामी सबैले सक्नुपर्छ । कमजोरी लुकाएर होइन, महसुस गरेर नै अघि बढ्न सकिन्छ ।

कुरा पर्यटनकै गरौँ । पर्यटन विकासका लागि के काम गर्ने,

त्यो काम किन गर्ने, आवश्यक छ कि छैन, प्रभाव के पर्नेछ, अनुगमन तथा मूल्याङ्कनको प्रणाली के हुने, लाभ आउँछ-आउँदैन, आएमा लाभ वितरण कसरी हुन्छ आदि कुराको जवाफ खोज्ने कसैलाई फुर्सद् छैन । एक प्रदेश पर्यटन अधिकृतले सुनाए, 'धेरै काम योजनाबिना नै नेताजीका दबावमा गर्नुपर्छ, बरु नेताजीले भनेकै ठाउँमा बजेट पठाइदियो हाइसुख ।' यसरी 'हाइसुख' मान्ने प्रवृत्तिले नै आवश्यक नपर्ने ठाउँमा भ्युटावर बने, 'फिजिबिलिटी सर्भे' (सम्भाव्यता अध्ययन) का नाममा धेरै रकम भ्wाम् भए । यसरी हेर्दा पर्यटनमा प्रशस्त खर्च भएको छ, तर देखिने खास काम पाउन कठिन छ ।

यसै सन्दर्भमा भ्युटावरबारे एउटा मत राख्न मन लाग्यो । भ्युटावरको अहिले जति विरोध भएको छ, त्यसरी विरोध गर्नु जरुरी छैन भन्ने मेरो भनाइ छ । एकाध ठाउँमा सही छनोट नभएको वा 'राजनीतिक गन्ध' बढी आएको हुनसक्छ, तर 'देशभर कतै पनि भ्युटावर चाहिँदैन' भन्नु त्यत्ति तर्कसंगत छैन । बढी नै राजनीतिक हौवा भयो, यो कुरा । एकपटक स्याङ्जाको सिरुबारी डाँडो, पाल्पाको बगनासकाली डाँडो र धनकुटाको भेडेटार डाँडोमा पुग्नेले बुझ्नसक्छ भ्युटावरको महत्व ! भ्युटावरलाई दृश्यावलोकनमात्र नभएर बहुउद्देश्यीय कसरी बनाउने भन्नेमा भने हामी सबैले राम्रोसँग विचार गर्नुपर्छ ।

> 'आवश्यक नपर्ने ठाउँमा भ्युटावर बने, "फिजिबिलिटी सर्भे" (सम्भाव्यता अध्ययन) का नाममा धेरै रकम झ्wाम् भए ।'

## पर्यटन विकासका लागि पालिकाहरूले मनन गर्नुपर्ने मूल पाँच कार्य

राष्ट्रिय तथा प्रदेशस्तरमा के के गर्ने भनेर मैले धेरैपटक लेखिसकेको छु । यहाँ म स्थानीय (नवगठित) सरकारले अब गनुपर्ने पाँच मूल काम उल्लेख गरी आलेखको अन्त्य गर्दछु :

**१. विगत पाँच वर्षको समीक्षा र अगाडिको बाटो :** विगत पाँच वर्षको अवधिमा हाम्रो पालिकामा पर्यटनमा केही काम भए कि भएनन् ? समीक्षा गरौं । केही पनि काम नभएको भए, पर्यटनको चर्चा नै नभएको भए हाम्रो पालिका पर्यटनको सम्भावना नभएको पालिका हो भनेर चित्त बुझाऊँ र हाम्रा विशेष प्राथमिकता कृषि, पशु, वन, जडीबुटी, घरेलु उद्यम, जलविद्युत वा अन्य के हो, त्यसमा नै फोकस गरौं । होइन, पालिकाको परिचय दिँदा वा पार्श्वचित्र बनाउँदा वा वार्षिक नीति, कार्यक्रम र बजेट निर्धारण गर्दा पर्यटनको चर्चा गर्ने गरिएको छ भने अबको समयमा पर्यटनको कम्तीमा ५ वर्षे योजना तयार नबनाई अघि नबढौं । कम्तीमा १० वर्षे दीर्घकालीन दृष्टिकोण (भिजन) र ५ वर्षे विस्तृत योजना (प्लान) बनाउनु उपयुक्त हुने हाम्रो अनुभव छ ।

**२. योजनासहित अघि बढौं, पुरानाबाट सिकौं :** पालिकासभाबाट पालिकाको समग्र अर्थात् एकीकृत विकासको दीर्घकालीन योजना (मास्टर प्लान वा स्ट्राटेजिक प्लान) बनिसकेको छैन भने, अबको प्राथमकितामा त्यो पनि पर्नुपर्छ । वास्तवमा त्यो काम धेरै ढिला भएको हो । यदि पालिकाले त्यस्तो योजना पहिले नै बनाएको छ भने नवगठित कार्यपालिकाले त्ससलाई राम्रोसँग पुनरावलोकन गरी नयाँ इच्छा, आवश्यकता, माग, घोषणापत्रका भाव र भिजनलाई त्यसमा समेटेर उक्त योजनालाई रोलिङ प्लानको रूपमा परिमार्जन, संशोधन र अद्यावधिक गरी छपाइ गरौं । स्थानीय शासन सुदृढीकरण कार्यक्रम (पीएलजीएसपी)ले पनि देशभर नै यसखालको अभियान र कार्यक्रममा सहयोग गरिरहेकोले उक्त परियोजनाको लक्ष्यबमोजिम काममा अझ शीघ्रता ल्याउने अवसर छ । अवसर छोपौं । बढीभन्दा बढी कामका लागि पालिकाको नयाँ टिम सक्रिय बनौं । विगतका सफल अभ्यासहरूलाई अघि बढाऔं, कमजोरीबाट पाठ सिकेर थप प्रभावकारी बनौं । अघिल्लो टिममा सकारात्मक भूमिका खेल्ने र ग्रामीण तथा नगर क्षेत्रमा राम्रो छवि बनाएका नेता तथा कर्मचारीलाई सकेसम्म परामर्श र छलफलको मूलप्रवाहमा सहभागी बनाऔं । सकेसम्म जिम्मेवारी दिनेतर्फ पनि सोचौं ।

**३. प्राथमिकतामा काम - प्याकेजमा बढी दाम :** पर्यटन विकासका लागि पालिकाभित्र पूर्वाधार आवश्यकताको विस्तृत सूची बनाई एक वर्षभित्र, दुईदेखि तीन वर्षभित्र र पाँच वर्षभित्र गर्नुपर्ने कार्य भनी प्राथमिकता तोक्न सकियो भने त्यसले स्पष्ट दिशामा हिँडाउँछ । नत्र मूडअनुसार र लहडअनुसार बजेट खन्याउने संस्कृति र संस्कार पुन: हावी हुनथाल्छ । त्यसो नगर्नु नै वेश । योजनाका आधारमा पर्यटन पूर्वाधार तयारीका साथसाथै आफ्नो पालिकाको खास पहिचान र चिनारी के हो, त्यसको ब्रान्ड वा लोगो पनि बनाउनु राम्रो हुनेछ । आकर्षक नारा नै ब्रान्ड हो । त्यस ब्रान्डलाई पर्यटकीय बजारमा पुर्‍याउन सकियो भने मात्र पर्यटनको प्रचार-प्रसार राम्रोसँग हुनेछ । यसका लागि छिमेकी पालिका, समग्र जिल्ला र प्रदेशकै एकीकृत ब्रान्डको पनि खाँचो पर्नेछ । उदाहरणका लागि 'नेपालको स्विजरल्यान्ड जिरी' भनेर ब्रान्ड प्रवर्द्धन गर्न खोज्दा हामीले दोलखा पर्यटनको एकीकृत प्याकेज र अझ बागमती प्रदेशकै एकीकृत प्याकेजको पनि आवश्यकता पर्ने कुरा बिर्सन हुन्न । काठमाडौंबाट दोलखा जानेले बाटोमा (सामुन्ने) पर्ने काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लामा समेत केही समय बिताउने चाहना राख्नु वा स्वाद लिन चाहनु

एउटा स्वाभाविक कुरा हुन आउँछ । किनकि, पर्यटकलाई घुम्न हिँड्दा एक ठाउँले वा एउटा कुराले तानेर मात्र पुग्दैन । एउटै भ्रमणमा धेरै कुरा हेर्ने चाहना सबै पर्यटकको हुन्छ । त्यसका लागि पालिका प्याकेजका अतिरिक्त जिल्ला र प्रदेश प्याकेजको सोच सबै क्षेत्रबाट आउनुपर्छ । अनिमात्र देशको समग्र पर्यटन प्याकेज अर्थात् 'नेचुरल्ली नेपाल, वान्स इज नट इनफ' भन्ने ब्रान्ड सफल हुँदै जानेछ । पर्यटनको लाभ भुइँतहका जनताका हातमा पनि पुग्ने वातावरण बन्नेछ ।

**४. पालिकामा पर्यटन शाखा - अनि बढ्नेछ, पर्यटनको भाका :** पर्यटन विकासका लागि पालिकाले एउटा अलग्गै 'पर्यटन शाखा' बनाउनु अति जरुरी छ । त्यसमा कम्तीमा एक-दुईजना कर्मचारी हुनु अति आवश्यक छ । त्यहाँ कार्यरत रहने कर्मचारीलाई र कार्यपालिकाका तर्फबाट पर्यटन हेर्ने 'फोकल पर्सन'लाई पर्यटनको आधारभूत प्राविधिक तालिम जरुरी हुन्छ । यसका लागि पालिकाले केही बजेट छुट्याउने र प्रदेश पर्यटन कार्यालय, नेपाल पर्यटन बोर्ड, नाथम आदि संस्थाहरूसँग सहकार्यको प्रस्ताव गर्न सकिन्छ । साथै, संघीय तथा प्रदेश मन्त्रालयहरूबाट पनि त्यस्ता कार्यक्रम राख्नका लागि जोड (वकालत) गर्न सकिन्छ । पालिकामा पर्यटन, कृषि, वन र घरेलु उद्योगलाई एकीकृत तवरले हेर्ने वातावरण बनाउनु पनि जरुरी छ । त्यसतर्फ हालसम्म कुनै पनि पालिकाले प्रभावकारी सोच राखेको पाउन सकिएको छैन । यस्तो कार्यक्रम देशैभर अर्थात् हरेक प्रदेशमा हुनु जरुरी छ । पर्यटन सम्भावना भएका हरेक पालिकालाई पर्यटन विषयमा कसरी क्षमतावान बनाउने भन्ने सवालमा सबै सरोकारवालाको ध्यान जानु अति जरुरी छ । समुदायस्तरमा पनि विभिन्न प्रकारका सीपमुखी तथा व्यवस्थापनमुखी तालिमहरूको अति खाँचो छ । तर पालिकाको पर्यटन शाखालाई नै क्षमतावान नबनाएसम्म पालिका पर्यटन कहिल्यै पनि फस्टाउन सक्नेछैन । पर्यटनमा करिब २० वर्षको अनुभवका आधारमा मैले यी कुरालाई जोड दिइरहेको छु । आफू संलग्न रहेका जिल्ला र पालिकामा पनि सोही कार्यका लागि परामर्श दिइरहेको छु । 'पर्यटनमा स्थानीय संस्थागतता : दिगो पर्यटनका लागि सुनिश्चित प्रतिबद्धता' भन्ने नारा यस सन्दर्भमा सम्भिmराखौं ।

> 'अनिमात्र देशको समग्र पर्यटन प्याकेज अर्थात् "नेचुरल्ली नेपाल, वान्स इज नट इनफ" भन्ने ब्रान्ड सफल हुँदै जानेछ ।'

**५. प्रचार-प्रसारको जय - पर्यटन बोर्डसँग समन्वय :** पर्यटनको पूर्वाधार विकास, क्षमता विकास र व्यवस्थापकीय आत्मविश्वासमा बढोत्तरी भइसकेपछि पर्यटनका लागि आकर्षण र उपलब्ध सेवाका सम्बन्धमा व्यापक प्रचार-प्रसार जरुरी पर्छ । यसका लागि विभिन्न प्रवर्द्धनात्मक सामग्रीहरूको विकास गरिनुपर्छ । अबको युग डिजिटल युग भएकोले आफ्नो पालिकाका सम्पदा र सेवा सम्बन्धमा प्रदेश, राष्ट्र र विश्वले नै थाहा पाउने गरी प्रचार-प्रसारका डिजिटल सामग्री उत्पादन र विस्तार गरिनुपर्छ । यसका लागि नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रका छाता संगठन तथा अन्य व्यवसायीहरूसँग सघन सहकार्य गर्नुपर्छ । वास्तवमा नेपाल पर्यटन बोर्डसँग पदमार्ग सुधार, टावर निर्माण, दुई तीन दिने तालिम आदि भन्दै सहयोग माग्नुभन्दा स्थानीय सम्पदाको प्रणालीबद्ध विकास, प्रवर्द्धन, ब्रान्डिङ, प्रचार-प्रसार र बजारीकरणका लागि ठोस सहयोग माग्नु धेरै बुद्धिमानी हुने हाम्रो सुझाव छ । किनकि, नेपाल पर्यटन बोर्डको राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय बजारीकरणमा पहुँच राम्रो छ । बोर्डको विशेष जिम्मेवारी पनि यो नै हो । स्थानीय सम्पदाका बारेमा टुर प्याकेज बिक्री गर्ने व्यवसायी, पत्रकार तथा लेखकहरूको भ्रमण कार्यक्रम (फेमिलिएराइजेसन टुर अर्थात् फ्याट्रिप) मा पनि बोर्डको समन्वयमा काम गर्न सकियो भने पालिका पर्यटन अगाडि बढाउन ठूलो सहयोग पुग्नेछ ।

निष्कर्षमा, सम्पदा पहिचान र योजनाबद्ध विकास, पूर्वाधार विकास, संस्थागत संयन्त्र विकास; जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय समुदायको बहुपक्षीय क्षमता विकास; पालिका क्षेत्रमा विकास गरिएका पर्यटकीय सम्पदा र सेवाहरूको प्रवर्द्धन तथा बजारीकरणका लागि व्यापक समन्वय, सञ्चार र सहकार्यमा हरेक गाउँ तथा नगरपालिका ठोस प्रतिबद्धतासहित अगाडि बढ्न सकेमा मात्र अबको नेपाली पर्यटनले गति लिनेछ । कोरोनापछि थलिएको पर्यटन फेरि जाग्नेछ । जनताका घरघरमा समृद्धि, सुख र खुसी भित्र्याउने कुरामा राम्रो टेवा मिल्नेछ । यी फरक र जनमुखी कामबाट २०७९ को स्थानीय निर्वाचनमा जीत हासिल गर्ने नेतृत्ववर्गले पनि एउटा खुसी र सुखको सास फेर्ने अवसर पाउने छ । विगतमा जे भए पनि अबका दिन अझ दूरदृष्टियुक्त, नतिजामुखी र प्रभावी बनाऔं । हार्दिक शुभकामना सबै स्थानीय तहका सरकारहरूलाई !

आभार व्यक्त : यस आलेखको मस्यौदा अध्ययन गरी आफ्ना सकारात्मक सुझाव दिनुहुने पर्यटन तथा संरक्षणविद्हरू प्रा.डा. धर्मराज डंगोल, रविजंग पाण्डे, एकराज सिग्देल तथा डा. मिङ्मानोर्बु शेर्पाप्रति म हृदयतः आभारी छु ।

---

***(लेखक ग्रामीण पर्यटन विशेषज्ञ हुनुहुन्छ र हाल काठमाडौं विश्वविद्यालयबाट 'शिक्षा र विकास अध्ययन' विषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ ।)***

***Email : chetnathkanel@gmail.com***

२०७९ जेठ १४ गते शनिबार